मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

कोभिडबाट सचेत र सतर्क रहौं

कोरोना संक्रमणको जोखिम कायमै छ।
यसले कुनै पनि समय महामारीको रुप लिन सक्दछ।
त्यसैले तत्काल कोरोनाविरुद्धको खोप लिऔं,
जमघट तथा भिडभाडमा जाँदा
अनिवार्य रुपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २७ ◆ अङ्क : ६० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ माघ १ गते शनिवार (Saturday, January 15. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आज मकर संक्रान्ति पर्व



**झापा, पुस ३०।** पवित्र नदी एवम् त्रिवेणीमा स्नान, जप, तप, ध्यान र दान गरी घ्यू, चाकु, तरुल एवम् खिचडी खाएर माघे (मकर) संक्रान्ति पर्व आज शनिवार देशभर मनाइँदैछ।

सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गरी उत्तरायण शुरु हुने भएकाले माघ १ गतेलाई मकर संक्रान्ति भनिन्छ। माघ १ गतेबाटै उत्तरायण शुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन्। उत्तरायण शुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्य दायक मानिन्छ।

झापाको कनकाई लगायत देशका प्रशिद्ध तीर्थस्थलहरुमा परम्परादेखि लाग्दै आएको मेला कोरोनाका कारण स्थगित गरिएको छ।

सूर्य दक्षिणबाट उत्तर लाग्दाको दिनलाई वैदिक दर्शनका विभिन्न शास्त्रमा पवित्र दिन मानिएको छ। उत्तरायण शुरु भएपछि शुभ काम, यज्ञयज्ञादि गर्न शुभ मानिएको छ। उत्तरायण शुरु हुने दिन गुरु पुरोहितबाट तिलक लगाउने शास्त्रीय मान्यतासमेत छ। माघे संक्रान्तिदेखि साउने संक्रान्तिसम्म सूर्य उत्तरको बाटो हिँड्ने भएकाले यो छ महिनाको समयलाई उत्तरायण भनिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष एवम् धर्मशास्त्रविद् प्रा.डा. रामचन्द्र गौतमले जानकारी दिए।

सूर्य उत्तरायण भएका बेला गरिएको स्नान, दान, जप, तप, तीर्थ, व्रतलाई उत्तम मानिएको छ, यो समयमा भएको जन्म र मरण पनि उत्तम हुन्छ- उनले भने। उत्तरायणका पनि माघ र वैशाख महिना उत्तम मानिएको धर्मशास्त्रविद् गौतमले बताए। कर्म गर्नका लागि माघको शुक्ल पक्ष अझ बढी महत्वपूर्ण समय मानिएको समितिले जनाएको छ। तराईवासीले पनि माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रुपमा मनाउँछन्।

तिलले स्नान गर्नु, तिलको तेल घस्नु, पितृलाई तिलयुक्त जल दिनु, तिल हवन गर्नु, तिल दान गर्नु र तिल खानु गरी छ, प्रकारले तिलको प्रयोग माघ महीनामा गर्नाले यो लोकमा सुखशान्ति पाई परलोकमा मोक्ष पाइने धार्मिक विश्वास समेत छ। माघ शुक्ल पक्षमा तिललाई छ प्रकारले प्रयोग गर्ने षट्तिला एकादशी पर्व समेत पर्दछ।

आजका दिन बिहानै तीर्थस्थलमा गई स्नान गरेर तिल दान गर्नाले सुन दान गरे सरहको पुण्य प्राप्त हुने धार्मिक विश्वास छ। धर्मसिन्धुमा माघ १मा घ्यू, चाकु, तिलका परिकार, खिचडी नखाने, दान नगर्ने, जलाशयमा गई स्नान नगर्ने, ध्यान नगर्ने व्यक्ति जीवनभर रोगी हुने उल्लेख छ। स्नान, दान, व्रत, ध्यान गर्ने व्यक्तिले पुण्य प्राप्त गरी मनोकामना पूर्ण हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ।

माघे संक्रान्तिका दिन घ्यू, चाकु, तिलका परिकार, तरुल, पालुङ्गो, खिचडी आदि खाने चलन छ। यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने गरिएको हो। यी खानाले त्रिदोष नाश हुने धार्मिक विश्वास छ।

तरुललाई पुस मसान्तका दिन उसिनेर माघ १ गते खाने परम्परा छ। यसलाई लोकोक्ति अनुसार 'पुसमा पाके माघमा जाके' भनिन्छ। सेल रोटीलगायत परिकार पनि पुस मसान्तमा बनाएर माघमा खाने प्रचलन देशका केही भागमा छ। आजका दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ। शरीरका नाडी, स्नायुमण्डल र हड्डीलाई तिलको तेल मालिसबाट सुदृढ र स्वस्थ राख्न सकिन्छ।

सूर्य उत्तरायण भएपछिको मृत्युलाई उत्तम मानिन्छ। महाभारत युद्धमा मृत्यु शैय्यामा पुगेका भीष्मले इच्छा मृत्युको वरदान पाएअनुसार सूर्य उत्तरायणपछि नै शरीर त्यागेको पौराणिक मान्यता छ। थारु समुदायमा माघी पर्व नयाँ वर्षका रूपमा समेत धुमधामसँग मनाइने चलन छ।

# 'माघको पहिलो हप्ताभित्रै निर्वाचनको मिति तोक्नुपर्छ'

**काठमाडौं, पुस ३०।** निर्वाचन आयोगले संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दलसँग राष्ट्रियसभा निर्वाचन, मतदाता नामावली सङ्कलन र स्थानीय तह निर्वाचनका विषयमा परामर्श गरेको छ।

राजनीतिक दलहरुका निर्वाचन हेर्ने प्रतिनिधिलाई बोलाएर आयोगले राष्ट्रियसभा निर्वाचनका लागि भइरहेको तयारी, मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम र स्थानीय निर्वाचनका विषयमा दलगत धारणा मागेको हो।

राजनीतिक दलका प्रतिनिधिलाई आयोगले स्थानीय तह निर्वाचन सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था, पदाधिकारीको कार्यकाल गणना, निर्वाचनको मिति तोक्ने सम्बन्धी व्यवस्था, निर्वाचनका लागि आयोगको तयारी र निर्वाचन नभएमा पर्ने प्रभावका बारेमा जानकारी गराएको छ।

स्थानीय तहका पदाधिकारीको पाँच वर्षे पदावधि आगामी २०७९ साल जेठ ५ गते समाप्त हुने र स्थानीय तहको निर्वाचन सम्पन्न गर्न कम्तीमा ५३ वटा काम गर्नुपर्ने भएकाले कानूनतः १२० दिन आवश्यक पर्ने आयोगले बताएको छ।

आयोगले आगामी माघको पहिलो हप्ताभित्रै निर्वाचनको मिति नतोकिएमा प्राविधिक, व्यवस्थापकीय एवम् व्यवहारिक दृष्टिले निर्वाचन गर्न कठिन हुने हुँदा राजनीतिक दलहरु र सरोकारवालाको ध्यानाकर्षण गराएको थियो।

शुक्रवार आयोजित सो सर्वदलीय बैठकमा राजनीतिक दलका प्रतिनिधिले निर्वाचनका लागि




भइरहेको तयारी सान्दर्भिक रहेको जनाउँदै मतदाता नामावलीमा सूचीकृत हुन चाहने नागरिकको मागलाई सम्वोधन गर्नेलगायत निर्वाचनका सबै प्रक्रियालाई आयोगले नेतृत्व गर्न सुझाव पनि दिए।

उनीहरुले स्थानीय तहको निर्वाचन यथाशीघ्र तोक्न, निर्वाचनलाई कुनै बहाना बनाएर नटार्न, 'थ्रेस होल्ड'का विषयमा पुनः विचार गर्न, वैदेशिक रोजगार र प्रवासमा रहेका नागरिकलाई मतदान गर्ने व्यवस्था मिलाउन आयोगलाई सुझाव दिए।

परामर्शका क्रममा केही राजनीतिक दलका तर्फबाट संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गरे पनि थ्रेस होल्डका कारण राष्ट्रिय दलको मान्यता नपाउँदा स्थानीय तहमा दल विशेषको चुनाव चिन्ह प्राप्त नहुने भएकाले कानून संशोधन तथा विगतका निर्वाचनमा आचारसंहिता उल्लंघनका घटना भएकाले निर्वाचनलाई स्वतन्त्र र स्वच्छ तुल्याउन सुझाव दिइयो।

परामर्शका क्रममा साना दलले विधिवतरुपमा दर्ता भएका दलले चुनाव चिन्ह पाउँदैनन् भने किन दल दर्ता गर्नुपऱ्यो भनी प्रश्न गर्दै आयोगको तयारी सही दिशामा रहेको बताए।

संघीय संसदबाट नागरिकता विधेयक पारित नभएका कारण उमेर पुगेका कतिपय नागरिक मतदान गर्नबाट बञ्चित रहेकाले उनीहरुलाई मतदात सूचिमा सूचिकृत गर्ने व्यवस्था मिलाउन तथा आगामी निर्वाचनलाई मितव्ययी, स्वच्छ र स्वतन्त्र तुल्याउन विद्युतीय भोटिङ मेसिनको प्रयोगका पक्षमा ध्यान पुऱ्याउन आयोगलाई सुझाव दिइयो।

केही राजनीतिक दलका प्रतिनिधिले भने हालको निर्वाचनको विधिलाई नै पुनर्विचार गरी भ्रष्टाचार रोक्न र निर्वाचन खर्च घटाउन, तीन तहकै निर्वाचन एकैपटक गर्न उपयुक्त हुने सुझाव पनि दिएका थिए। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले स्वास्थ्यका सबै मापदण्डको पालना गर्दै राष्ट्रियसभाको आसन्न निर्वाचनको तयारी भइरहेको जानकारी दिए।

उनले भने- सबैतिरबाट सकारात्मक जवाफ आएकाले सरकारसँग औपचारिकरुपमा स्थानीय तहको निर्वाचनको प्रस्ताव गर्नुअघि परामर्शका लागि आजको बैठक बोलाइएको हो। यस विषयमा आयोगले केही दिनभित्रै सरकारलाई परामर्श दिनेछ।'

प्रमुख निर्वाचन आयुक्त थपलियाले थ्रेस होल्डसम्बन्धी कानूनी व्यवस्थाका कारण राष्ट्रिय मान्यता प्राप्त नभएका दललाई विगतका स्थानीय तहमा दलको चुनाव चिन्ह चाहेर पनि दिन नसकिएको बताउँदै आयोगले आगामी ऐनको मस्यौदा तर्जुमा गर्दा यो विषयलाई समेट्ने विश्वास पनि दिलाए।

छलफलमा नेपाल कम्प्युनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस, नेपाल कम्प्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी),

(बाँकी अन्तिम पृष्ठमा)

## मोटरसाइकलको ठक्करबाट मृत्यु

**भद्रपुर, पुस ३०।** झापाको भद्रपुर नगरपालिका-४मा मोटरसाइकलको ठक्करबाट एक ज्येष्ठ नागरिकको मृत्यु भएको छ।

भद्रपुर-४स्थित भद्रपुर-बनियान भित्री सडकखण्डमा उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको मे१०प ४४१९ नं.को मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री ७७ वर्षीय जगतबहादुर कार्कीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त पाठकले जानकारी दिए।

दुर्घटनाका गम्भीर घाइते कार्कीको भद्रपुरस्थित ओम साई पाथीभरा अस्पतालमा

(बाँकी अन्तिम पृष्ठमा)

## रेल दुर्घटनामा नौ जनाको मृत्यु

**भारत, पुस ३०।** भारतको पश्चिम बंगालमा भएको रेल दुर्घटनामा मृत्यु हुनेको संख्या नौ पुगेको छ।

बिहीबारसाँझ ५ बजे बिकानेर-गुवाहटी एक्सप्रेस रेल जलपाइगुढी जिल्लाको मयनागुरीको डोमहनी नजिकै दुर्घटना भएको थियो।

गुडिरहेको रेलको डब्बा (बोगी) लिकबाट बाहिर खस्दा कयौं यात्रु घाइते भएको भारतीय सञ्चारमाध्यमले जनाएको छ। अझै पनि डब्बाले यात्रुहरू थिचेको अधिकारीहरूले बताएका छन्। उद्धार भइरहेकाले मृतकको संख्या बढ्ने अनुमान गरिएको जलपाइगुढीका डिएम मोमिता गोद्रा वसुले बताए।



१२ वटा बोगी लिकभन्दा बाहिर खसेको छ। दुर्घटनामा चार-पाँच बोगी पूर्णरुपमा क्षति भएको छ। दुर्घटना हुँदा रेलको गति ४० किलोमिटर प्रतिघण्टा रहेको बताइएको छ। रेल दुर्घटनाको खबर पाए लगत्तै स्थानीय प्रशासन, प्रहरीका उच्च अधिकारी घटनास्थलमा पुगे पनि दुर्घटना भएको तीन घण्टा बितिसक्दा पनि रेलवे अधिकृत भने नपुगेको भनी आलोचना भएको थियो।

रेलमा राजस्थानका ८७२ जना सवार थिए। बीकानेरबाट ३०८ र जयपुरबाट ५६४ यात्रु चढेका थिए। रेल गुवाहुटी गइरहेको थियो। सरकारले मृतकलाई ५ लाख, गम्भीर घाइतेलाई १ लाख र सामान्य घाइतेलाई २५ हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरिसकेको छ। घटनाबारेमा प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बर्नजीसँग फोन सम्पर्क गरी जानकारी लिएका छन्।

## जबरजस्ती करणी गर्नेलाई जन्मकैद

**झापा, पुस ३०।** जबरजस्ती करणी गरेको अभियोगमा जिल्ला अदालत रसुवाले एक युवालाई जन्मकैदको फैसला सुनाएको छ।

नुवाकोटको किस्पाङ गाउँपालिका-५ अर्चले घर भई रसुवाको गोसाइँकुण्ड गाउँपालिका-६ बस्दै आएका २१ वर्षीय यमप्रसाद भट्टराईलाई उक्त सजाय दिइएको हो।

जिल्ला अदालतका न्यायाधीश राजेन्द्र नेपालको एकल इजलासले उक्त फैसला सुनाएको तहसिलदार गोपी विश्वकर्माले जानकारी दिए। भट्टराईले ६ वर्षीया बालिकालाई गत वर्ष माघमा जबरजस्ती करणी गरेका थिए। उनलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९को उपदफा १ र २ तथा उपदफा ३ को (क) बमोजिम दोषी ठहर गरिएको हो। भट्टराईलाई जन्मकैदका साथै रु. ६ लाख जरिवाना र पीडितलाई रु. ५० हजार क्षतिपूर्ति भराउने फैसला गरिएको छ।

## बैंकमा पैसा राखेर झिक्न बिर्सनुभएको छ कि !

**बिर्तामोड, पुस ३०।** के तपाईंले बैंकमा रकम जम्मा गरेको २० वर्षसम्म पनि निकाल्नु भएको छैन ? यदि छैन भने अब उक्त रकम राज्य कोषमा जम्मा हुने भएको छ।

राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामा रहेको कुनै निष्क्रिय खाताबाट २० वर्षसम्म नझिकिएको रकम बैंकिङ विकास कोषमा जम्मा गर्न निर्देशन दिएसँगै लामो समयसम्म बैंकमा भएका रकमहरु राज्य कोषमा जम्मा हुने भएको हो।

राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ११२ को उपदफा १ बमोजिमको रकम कोषमा जम्मा गर्न निर्देशन दिएको हो। रकम कोषमा जम्मा भए पनि निक्षेपकर्ताको विस्तृत विवरण भने बैंक तथा वित्तीय संस्थाले नै सुरक्षित राख्नुपर्ने राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकको यो कोषमा जम्मा भएको रकम बैंकिङ विकासमा प्रयोग गरिने बताइएको छ।


यसरी कोषमा जम्मा भइसकेको रकम उपर निक्षेपकर्ता वा निक्षेपकर्ताको कानूनी हकवालाबाट सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी दावी पर्न आएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले प्रमाणसहित राष्ट्र बैंकमा दाबी पेश गर्नुपर्नेछ। आवश्यक कागजातसहित दावी पर्न आएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई बिना व्याज रकम फिर्ता गरिने राष्ट्र बैंकले जनाएको छ।

यदि कसैले बैंकमा खाता खोलेर २० वर्षसम्म नचलाइकन राख्यो भने त्यो पैसा सरकारको हुने व्यवस्था छ। बैंकमा पैसा राखेको व्यक्तिको १० वर्षदेखि खाता चल्तीमा छैन वा कसैको पनि हकदाबी परेको छैन भने सम्बिन्धत बैंकले त्यस्तो प्रत्येक खाताको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र राष्ट्र बैंक पठाउनुपर्ने हुन्छ।

यस प्रकारको निक्षेप रकम लिन आउने सूचना सम्बन्धित बैंक तथा वित्तीय संस्थाले प्रत्येक ५ वर्षमा १ पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नेछन्। त्यतिमात्रै होइन सो सम्बन्धि विस्तृत विवरण बैंकले आफूसँग समेत राख्नुपर्नेछ।

तर, यसो गर्दा पनि हकदार २० वर्षसम्म तपाईंको खाताको पैसा बुझ्न गएनन् भने व्यक्तिको खातामा भएको रकम राष्ट्र बैंकको बैंकिङ विकास कोषमा जम्मा गर्नुपर्ने एकीकृत निर्देशिकामा उल्लेख छ।

## योगी नरहरिनाथको शालिक अनावरण



**कनकाई, पुस ३०।** झापाको कनकाई नगरपालिका-४स्थित कनकाई धाम धार्मिक विकास संस्था कोटीहोम परिसरमा योगी नरहरिनाथको शालिक अनावरण गरिएको छ।

संस्थाका अध्यक्ष नवलकिशोर दत्तको सभापतित्वमा कोटीहोम परिसरमा आयोजना गरिएको एक समारोहका बीच वैदिक मन्त्रोचारणका साथ योगी नरहरिनाथको शालिक अनावरण गरिएको हो।

झापा क्षेत्र नं ४ का सांसद एलपी साँवा लिम्बू, प्रदेशसभा सदस्य हीराकुमार थापा, नगरप्रमुख राजेन्द्र पोखरेल, उपप्रमुख मञ्जु प्रसाईंलगायतले शालिक अनावरण गरेका हुन्। शालिक अनावरणसँगै कोटी हवन शान्ति कलश स्तम्भसमेत शिलान्यास गरिएको छ।

पानीको फोहोरासहितको आकर्षकस्थल निर्माणका लागि नगरपालिकाले रु. १८ लाख रकम विनियोजन गरेको थियो। योगीको अर्धकदको शालिक ईश्वरकृष्ण महाराजले सौजन्य गरेका हुन्।

कोटीहोम परिसरको भौतिक पूर्वाधार पुनर्निर्माणका लागि संघीय सांसद साँवाबाट प्राप्त रु. ५० लाख बजेट खर्च भइसकेको बताइएको छ।

कोटीहोम परिसरमा चाँडै सीसी क्यामेरा जडानका लागि आवश्यक तयारी भइरहेको संस्थाका वरिष्ठ उपाध्यक्ष नारायण ओलीले बताए।

पेट्रोल पम्प विक्रीमा
सम्पर्कः ९८४२६७६४५२/९८१४०५५१८५

कर्मचारी आवश्यकता

यस सेक्युरिटी सर्भिस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला।
(१) पद : लेखापाल १ जना
योग्यता : BBS सो सरह, कम्प्युटरमा लेखा राख्न सक्ने कम्तीमा २ वर्षको अनुभव वेटेस
तलब : आकर्षक साथै अन्य सुविधा (२) सेक्युरिटी गार्ड : (महिला/पुरुष)
सेक्टरवान सेक्युरिटी सर्भिस
पश्चिम बस स्टेण्ड दक्षिण, बिर्तामोड, फोन नं. : ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६

## आफ्नै सूचना

आज २०७८ माघ १ गते शनिबार माघे संक्रान्ति पर्वको अवसरमा कार्यालय बन्द रहने हुँदा भोलि माघ २ गते आइतबारको पूर्वाञ्चल दैनिक पत्रिका प्रकाशन नहुने व्यहोरा जानकारी गराउँछौं। यसबाट पाठक, विज्ञापनदाता लगायत शुभचिन्तकहरूमा पर्न जाने असुविधाप्रति क्षमाप्रार्थी छौं।

- व्यवस्थापक

## एमाले: सम्पत्ति विवरण बुझाउन निर्देशन

**काठमाडौं, पुस ३०।** नेकपा (एमाले)को केन्द्रीय अनुशासन आयोगले पार्टीको केन्द्रीय कमिटी, निकाय, संघीय सांसद, प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख-उपप्रमुखलाई आफ्नो व्यक्तिगत सम्पत्ति विवरण भरेर अनिवार्यरूपमा बुझाउन निर्देशन दिएको छ।

आयोगका अध्यक्ष केशव बडालले जारी गरेको अन्तरपार्टी निर्देशन-१मा पार्टीको १०औँ राष्ट्रिय महाधिवेशनबाट पारित विधानको धारा ७९ र आयोगको कार्यसम्पादन नियमावलीको नियम ६ बमोजिम पार्टीबाट निर्वाचित गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष समेतलाई यही पुस १४ गतेदेखि गणना हुने गरी ६० दिनभित्र आयोगसमक्ष उक्त विवरण पेश गर्न निर्देशन दिइएको हो।

आयोगले पार्टीभित्र अनुशासन पालनाका लागि आचारसंहिताको मस्यौदा पनि तयार गरिरहेको छ। आयोगका सचिव भरत पहारीले तयार गरेको सो मस्यौदामाथि थप छलफल गरेर पारित गरिने जनाइएको छ।

## माओवादीको सुत्केरी पोषण अभियान

**मेचीनगर, पुस ३०।** नेकपा (माओवादी केन्द्र) मेचीनगर नगर कमिटीले जनताको घरदैलोमा पुग्न तीनवटा जनमुखी अभियान सञ्चालन गर्ने भएको छ।

नगर कमिटीले माघ १ गतेदेखि जनताको घरदैलोमा पुग्न सुत्केरी पोषण कार्यक्रम, कृषि कार्यक्रम र स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न लागेको हो। माओवादी केन्द्र मेचीनगरका अध्यक्ष राजन चिमरियाले पार्टीले विगतमा उठाएका समाजवादलगायत एजेण्डा जनतामाझ पुऱ्याउन अभियान सञ्चालन गर्न लागेको बताए।

सुत्केरी पोषण अभियान पहिलो चरणमा मेचीनगरका वडा नं ७ र १४ मा लागू गरिने भएको छ। यो अभियानमा सुत्केरीलाई एक प्याकेट ल्याक्टोनिज, एक किलो घ्यू, आधा किलो हर्लिक्स, मिठाइसहित नानीको मुख हेरेर रु. १०० सहयोग गरिने अध्यक्ष चिमरियाले बताए।

नगर कमिटीले स्वास्थ्य बिमा कार्यक्रमलाई पनि निरन्तरता दिने भएको छ। यसअघि नगरका विपन्न ५५ घरपरिवारको स्वास्थ्य बिमा गराइसकिएको र आगामी वैशाखभित्र थप ६० परिवारलाई बिमा कार्यक्रममा जोडिने भएको छ।

मेचीनगरभित्रका गरीब परिवारको पहिचान गरेर निःशुल्क स्वास्थ्य बिमा गरिदिन्छौं- उनले भने- सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा अभियानमा सहयोग पुग्नुका साथै विपन्न परिवारलाई समेत यसले राहत मिल्नेछ।

# कर्कलो कोक्याउला...

**काठमाडौं, पुस ३०।** ख्यातिप्राप्त हाँस्यव्यंग्य अभिनेता तथा गायक हरिवंश आचार्यको फरक शैलीको सन्देशमूलक गीत बिहीबार राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको छ।



कर्कलो कोक्याउला तिमीलाई झुक्याउला बोलको गीत म्युजिक भिडियोसहित सार्वजनिक गरिएको हो। हरिवंशकै स्वर, शब्द र संगीत रहेको गीतमा हरिवंशलाई गायिका समीक्षा अधिकारीले स्वरमा साथ दिएकी छिन्।

किरण तुलाधरको एरेन्जमेन्ट रहेको गीतमा चेलिबेटी बेचबिखनविरुद्ध सन्देश रहेको छ। मानव सुवेदीद्वारा निर्देशित गीतको भिडियो कथानक शैलीमा प्रस्तुत गरिएको छ।

भिडियोमा हरिवंश अपाङ्गता भएको गन्धर्व गायकका रूपमा प्रस्तुत भएका छन् भने नायिका स्वस्तिमा खड्का किशोरी भूमिकामा छिन्। भिडियोको कथाअनुसार भर्खरै विद्यालय जीवन पूरा गरेकी स्वस्तिमालाई चेलीबेटी बेचबिखन गर्ने समूहले शुरूमा तर्साएर आफ्नो वशमा पार्ने कोशिस गर्छ।

अध्ययनशील स्वस्तिमा नडराएपछि त्यही समूहको अर्को गुप्त पात्रले उनलाई प्रेम जाल र उपहारको मोहमा पारेर गाडीमा चढाई झुक्याएर नशालु पदार्थ खुवाएर बेहोस बनाई विदेशमा लगेर बेच्ने कोशिस गर्दछ। यो सबै चाल पाएपछि चेलीबेटी बेचखिनविरुद्ध गीत गाएर सन्देश बाँड्दै हिँड्ने हरिवंशले उनलाई त्यो समूहबाट बचाउने प्रयास गर्दछन्। समूहले उनलाई गाडीबाट फालिदिएर मोलमोलाई गरिरहेकै बेला हरिवंश प्रहरी लिएर पुग्छन् र स्वस्तिमा बेचिनबाट जोगिन्छिन्। भिडियोमा हरिवंश र स्वस्तिमा खड्काका साथमा महेश त्रिपाठी, नवीन लम्साल र घनश्याम पाण्डेले अभिनय गरेका छन्। काभ्रे र दक्षिणकालीमा खिचिएको भिडियो सुशील सापकोटाले छायांकन गरेका छन्।

कार्यक्रममा सीएनएन हिरो तथा माइती नेपालकी अध्यक्ष अनुराधा कोइरालाले चेलीबेटी बेचबिखन गर्नेहरूले पढेलेखेका कलिला किशोरीहरूलाई समेत शिकार बनाउने गरेको चर्चा गर्दै गीत र भिडियोले चेलीबेटी बेचबिखनविरुद्धको अभियानमा सघाउ पुर्याउने बताइन्। प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले विभिन्न प्रस्तुतिमा प्रहरीलाई घटनापछि मात्र पुगेको देखाइने गरेकोमा यो गीतको भिडियोमा घटना अगाडि नै पुगेको देखाएकोमा खुशी व्यक्त गर्दै अपराधको रोकथाम सबैको दायित्व भएको बताए।

ख्यातिप्राप्त हाँस्यव्यंग्य अभिनेता मदनकृष्ण श्रेष्ठले भिडियो उत्कृष्ट बनेको चर्चा गर्दै चेलिबेटी बेचबिखनविरुद्ध साथ दिन सबैलाई आग्रह गरे। 'भिडियो राम्रो बनेको छ। कोरोनाको समय छ, कोरोनाबाट बच्न सावधानी अपनाउन जरुरी छ। यो भिडियो एक्लै बसेर हेर्न सकिन्छ'- मदनकृष्णले भने - 'मैले हरिवंशलाई हरिवंशले मलाई, हामीलाई स्वस्तिमाले साथ दिएजस्तै सबैजनाले चेलिबेटी बेचबिखनविरुद्ध साथ दिन आग्रह गर्दछु।'

हरिवंशले भिडियो हेर्दा आफूहरूलाई आफूजस्तो महशुस नभएको बताए। 'भिडियो हेरेर धेरैजनाको आँखा रसायो। भिडियो मार्मिक नबनेको भए कसैको आँखा रसाउँदैन थियो। भिडियो हेर्दा हामी आफैँलाई आफू हो जस्तो लागेन। यो सर्ट मूभिजस्तो बनेको छ'- हरिवंशको भनाइ छ।

नायिका स्वस्तिमा खड्काले १० मिनेटको भिडियोमा छोटो फिल्म शैलीले जतिसक्दो बढी विषय समावेश गर्ने प्रयास गरिएको बताइन्। भिडियो बिहीबार नै गजब टीभी युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ।

## शाहिद कपुरकी 'साली' यति धेरै कामुक




बलिउड अभिनेता शाहिद कपूर र अमृता रावको मल्टिस्टारर फिल्म विवाह कसले भुल्न सक्छ ? यो फिल्म फरक विधाको थियो। यति धेरै वर्ष बितिसक्दा पनि यो फिल्मलाई लिएर मानिसमा क्रेज छ। यस फिल्मका हरेक पात्र निकै विशेष थिए।

राजश्री प्रोडक्सन अन्तर्गत निर्मित, विवाह एक पारिवारिक ड्रामा थियो, जसमा मुख्य जोडीको केमेस्ट्रीलाई धेरै मन पराइएको थियो।

फिल्ममा अनुपम खेर, आलोक नाथ जस्ता धेरै ठूला कलाकार थिए, जसले आफ्नो दमदार अभिनयले फिल्ममा सफलता थपेका थिए।

यी सबै बाहेक यस फिल्ममा अर्को क्यारेक्टर थियो र त्यो अमृता रावकी कान्छी बहिनी थियो, जसको नाम फिल्ममा रजनी थियो र वास्तविक जीवनमा उनी अमृता प्रकाशको नामले चिनिन्छिन्।

अमृता प्रकाश बाल्यकालदेखि नै मनोरन्जन जगतसँग जोडिएकी छिन्। उनले बाल कलाकारका रुपमा धेरै प्रोजेक्टमा काम गरिसकेका छन्। यति मात्र होइन, उनले धेरै विज्ञापनमा पनि काम गरिसकेका छन्।

बाल कलाकारका रूपमा अमृता प्रकाशले करिब ५० ठूला विज्ञापनमा काम गरेकी छन्। यति मात्र होइन, अमृता प्रकाशले केही टिभी कार्यक्रममा अभिनय गर्नुका साथै होस्ट पनि गरिन्। उनले अभिनेत्री सोनाली बेन्द्रेसँग २ वर्षसम्म 'क्या मस्ती क्या धूम' शो होस्ट गरेका थिए।

फिल्मका अलावा अमृता प्रकाशले टिभी सिरियलमा पनि काम गरिन्। टिभीमा उनले 'अकबर बीरबल', 'प्यार तुने क्या किया', 'सीआईडी' लगायत धेरै सिरियलहरूमा काम गरे। योसँगै उनले 'विवाह' बाहेक 'एक विवाह ऐसा भी', 'वी आर फैमिली'मा काम गरे।

### माघको ...

नेपाल सङ्घीय समाजवादी पार्टी, नेपाल मजदुर किसान पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माले), जनता समाजवादी पार्टी, नेपाली जनता दल, नेपाल परिवार दल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, विवेकशील साझा पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका राजनीतिक दलका प्रतिनिधि सहभागी थिए।

### मोटरसाइकलको ...

उपचारको क्रममा राति नै मृत्यु उनले बताए । घटनामा संलग्न मोटरसाइकल र चालक कचनकवल-७का माधवप्रसाद राजवंशी प्रहरीको नियन्त्रणमा रहेका छन्।

# पातालगंगाको १३औं सभा




**बिर्तामोड, पुस ३०।** झापाको बिर्तामोड -५ स्थित पातालगंगा बचत तथा ऋण सहकारी संस्थाको १३औं साधारणसभा सम्पन्न भएको छ।


उपाध्यक्ष टंकप्रसाद भेटवालको अध्यक्षता तथा जिल्ला सहकारी संघका उपाध्यक्ष चम्पा खनालको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको थियो। सदस्य सञ्चार राईले स्वागत गरेको कार्यक्रममा संस्थाका उपाध्यक्ष भेटवालले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

संस्थाका शेयर सदस्य एक हजार चार सय २९ जना, शेयर पुँजी एक करोड ६८ लाख ५४ हजार सात सय रुपैयाँ, निक्षेप संकलन २ करोड ४९ लाख ६३ हजार तीन सय ४८ रुपैयाँ ७४ पैसा, कर्जा लगानी २ करोड ७७ लाख ९३ हजार एक सय ८८ रुपैयाँ ६३ पैसा, कर्जा लगानी ८४ लाख ७३ हजार ९ सय ५८ रुपैयाँ ७४ पैसा रहेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै कूल आम्दानी २६ लाख ४० हजार सात सय ५६ रुपैयाँ ५६ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै शेयर सदस्यलाई थप सेवा प्रदान गर्न प्रभु मनी ट्रान्सफर, हिमाल रेमिट, आईएमई विप्रेषण सेवा सञ्चालन गर्दै आएको छ। जसबाट सेयर सदस्यहरुले विजुली विल, मोवाइल तथा टेलिफोन रिचार्ज, हवाइटिकट आदिको व्यवस्था हुनेछ।

विविध कारणवश बिगत केही समयदेखि रिक्त रहेको संस्थाको अध्यक्षको पदका लागि बन्द सत्रपछि संस्थाका कार्यरत सचिव मोहनविक्रम मल्ललाई सर्वसम्मत चयन गरेको छ भने सचिव पदमा संस्थाका सदस्य सञ्चार राई सर्वसम्मत चयन भएका छन्।

कार्यक्रममा जिल्ला बचत संघ झापाका हिमालय प्रसाद कन्दङ्वा, जिल्ला सहकारी संघकी चम्पा खनाल, वुधनगर साकोसका सचिव देवीभक्त आचार्य, राष्ट्रिय हिन्दू मञ्च तथा चेतना नेपालका इन्द्र ओलीले शुभकामना मन्तव्य राखेको थिए। कार्यक्रमको सञ्चालन सचिव मल्लले गरेका थिए।



**भोजपुरको 'त्रिपुरेश्वर महादेव':** भोजपुरको दोश्रो हलेसी भनेर चिनिएको त्रिपुरेश्वर महादेवको झाराली गुफामा रहेको देवताको मूर्ति। आज भन्दा ४२ वर्ष अघि अर्थात् २०२८ सालमा उत्पति भएको यो देवस्थल अहिले संरक्षण र प्रचारप्रसारको पर्खाइमा रहेको छ। शिव, पार्वती, राम, सीता, हनुमान, गौरी गणेशलगायत देवीदेवताको मूर्तिसँगै आश्चर्यजनक गुफा समेत रहेको यो धार्मिकस्थल अहिले इतिहास बन्ने अवस्थामा पुगेको छ। **तस्वीर : युवराज विष्ट/ रासस**


## भद्रपुरमा वितरक आवश्यकता

**यस पूर्वाञ्चल दैनिक पत्रिका वितरणका लागि चन्द्रगढी क्षेत्रमा एक जना वितरण चाहिएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला। साइकल हुने व्यक्तिलाई मात्र प्राथमिकता दिइने छ। तलब नियमानुसार हुनेछ।**

**सम्पर्क : ९८४२६२६३०९, ०२३-५३००४४**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**यही मिति २०७८ साल मंसीर १५ गते राजगढबाट बिर्तामोड जाने क्रममा राष्ट्रिय परीक्षा बोर्डले प्रदान गरेको मेरो निम्न व्यहोरोको माइग्रेसन सर्टिफिकेटसहित महत्वपूर्ण कागजात हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिन हुन हार्दिक अनुरोध छ।**

**नाम**:- तुलसा सुवेदी
**ठेगाना.**:- बाह्रदशी-३, झापा
**उत्तीर्ण मिति**:- २०७७ साल
**सिम्वोल नं.**:- २०४०३४३४
**रजिष्ट्रेशन नं.**:- ७६०४२४०७०
**सम्पर्क नं.**:- ९८१६०३०९८८

## श्री मालपोत कार्यालय, दमकबाट जारी गरिएको हक दाबी गर्न आउने सम्बन्धी ३५ दिने सूचना

**झापा जिल्ला गा.पा./न.पा. शिवसताक्षी वार्ड नं. ७ बस्ने मेरो आमा नातापर्नेको नाममा दर्ता रहेको तपशिलमा लेखिएको वडा र कित्ताको जग्गाधनी श्री नरमाया खड्का मिति २०७८/०८/०५ मा परलोक हुनुभएको हुँदा निजको हक खाने २ जना छोरा बाहेक अरु नजिकका हकदार कोही नभएको हुँदा दाजुको मञ्जुरीले मेरो नाउमा नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी द. नं. ७८१० मिति २०७८/०९/२५ मा यस कार्यालयमा गाविस/नपा शिवसताक्षी वार्ड नं. ७ बस्ने ज्ञानबहादुर खड्काले निवेदन दिएको हुँदा मिति २०७८/०९/२९ को आदेश मुताविक सर्वसाधारणहरुका जानकारीका लागि यो ३५ दिने हकदाबी सम्बनधी सूचना टाँस प्रचार गर्ने काम भएको छ। लेखिए बमोजिमको जग्गाको हकहिस्सा खाने प्रमाण समेत राखी दरखास्त दिनुहोला। म्यादभित्र कसैको सबुत प्रमाणसहित उजुरी पर्न नआएमा निवेदकको नाममा नामसारी दर्ता भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ।**

**तपशिल**

| गाविस/नपा | वडा नं | कि नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| शिवगञ्ज | ९ | ७०० | ०-२-० | यसमा झापा जिल्ला शिवसताक्षी नपा वार्ड नं. ७ बस्ने ज्ञानबहादुर खड्काले निजको आमा नरमाया खड्काको मृत्यु भएको, निजको नाममा दर्ता कायम रहेको शिवगञ्ज नपा वार्ड नं. ९ कि.नं. ७०० क्षे.फ. ०-२-० भएको जग्गाको ज.ध. को मृत्यु भएको, नजिकको हकदार श्रीमान जयबहादुर खड्का(जैबहादुर भनिने)ले वि.सं. २०५२ सालमा घर छोडी गएको र मृतकका हकवाला २ जना मात्र छोरामा जेठो छोराको मञ्जुरीले कान्छो छोरो ज्ञानबहादुर खड्काको नाममा नामसारी हुने भनी सिफारिस आएको तथा द.नं. ७८१० मिति २०७८/०९/२५ मा निवेदन गरेका हुँदा ज्ञानबहादुर खड्काको एकलौटी नाममा नामसारी गरिपाउँ भन्ने व्यहोराको माग दावी रहेको। |

यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो। रोजी फूल थियो झऱ्यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ। हामीवाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।

# भावपूर्ण श्रद्धाञ्जली



**स्व. लीलाधर गोयल**

हाम्रा प्रातः स्मरणीय पति/पिताजी **लीलाधर गोयल**को ७९ बर्षको उमेरमा पुस २८ गते बुधबार तद्नुसार १२ जनवरी २०२२ मा भएको असामयिक निधनले हामी मर्माहत भएका छौं। शोकको यस घडीमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

**श्रीमती:** सन्तोषदेवी गोयल
**बुहारी:** सरोज गोयल
**छोरा/बुहारी:** पृथ्वीराज/कुसुम गोयल
सञ्जय/सुनिता गोयल
**छोरी:** उमादेवी अग्रवाल
**छोरी/ज्वाइँ:** सीमा/नारायण अग्रवाल
**भतिजा:** लक्ष्मण, राहुल गोयल
**नाती/नातिनी बुहारी**
धनराज/अंकिता गोयल
**नातिनातिनीहरु:**
पियुष, मनिष, मानब, ध्रुब, सुशील, विष्णु, दिनेश, भारत, योगेश, तुलसी, प्रिय र गंगा

**शोक बैठक**
२०७८ माघ २ गते आइतबार तदनुसार १६ जनवरी २०२२, दिनको २ देखि ५ बजेसम्म
**रश्म पगडी:** २०७८ माघ ९ गते आइतबार तद्नुसार २३ जनवरी २०२२, दिनको ४ बजे।
**स्थान :** निजी निवास रथखोला चोक, मेन हाइवे, नक्सलबारी, भारत

**पृथ्वी गोयल**
**बोलबम अटोमोवाइल्स**
**लोकनाथ अटोमोवाइल्स**
**मो. ९७३३०००९२९, ९९३२९८०३६२**

एवम् **समस्त गोयल परिवार**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

# नकुल काजीको नयाँ व्यङ्ग्य : भालुभुत्ते राजनीतिको उगाल



श्याम अधिकारी

नकुल काजी झापाका सुपरिचित लेखक- पत्रकारको नाम हो । एक लेखक वा पत्रकारका मनमा आफ्ना वरपर भएका घटनाले हुँडलो मच्चिनु स्वाभाविक हुँदोरहेछ । नकुल काजीलाई पनि झापाको परिवेशमा २०७७/२०७८ सालमा समाज र सरकारको नेतृत्व गरिआएको तत्कालीन नेकपाभित्रको एमाले पार्टीको एउटा गिरोहले समाजमा मच्चाएको लवस्तरो, लाजमर्दो स्यालहुँइयाँबाट मनमा हुँडलो चलेछ । कुनै पनि सम्वेदनशील शिक्षित मानिस त्यसबेला त्यो मूर्खजमातको अर्द्धशिक्षित मूढाग्रहबाट आश्चर्यचकित, दिग्दार, दुखी भएर समाजविज्ञान विपरीतको सोचबाट समाजलाई कज्याउन खोज्ने प्रयासप्रति व्यंग्यभावले त हेर्दथ्यो नै, साथै मुक्तिको लागि उकुसमुकुस पनि थियो । नकुल काजीबाट यही सामाजिक परिवेशलाई समेटेर दुईवटा हास्यव्यङ्ग्य उपन्यास नै तयार भएको रहेछ । ७७ सालमा भालुभुत्ते मपाइँ र ०७८ सालमा राजनीतिक उगाल नाम दिएर । दुवै उपन्यास पुग नपुग सय/सय पेजका मात्रै छन् । तर त्यहाँ सय किसिमभन्दा धेरै दिग्दारलाग्दा मूर्खजमातका तर्क-वितर्क र झूटा कुरा, भेडियाधसानको नमूनाका रूपमा पढ्न पाइन्छन् ।

उपन्यास विधा आजभोलि पुरानै परिभाषामा बाँधिएको छैन । नकुल काजी कै तत्कालीन समयको सवैभन्दा ठूलो सागर उपन्यास कहाँ ? कहाँको भालुभुत्ते मपाइँ र राजनीतिक उगाल ! 'सागर'मा उपन्यासको परिभाषालाई पूर्णता दिने प्रयास छ, जीवनलाई साङ्गोपाङ्ग रूपमा हेर्न खोजिएको छ, तर यी उपन्यासमा मानिसको राजनीतिक चरित्रको एउटा विडम्बनाले भरिएको पक्षलाई उजागर पारिएको छ । यी पुस्तक वास्तवमा औपन्यासिक स्वरूपमा लेखिएका राजनीतिक व्यङ्ग्य हुन् । राजनीतिक उगालमा १२ खण्ड छन् भने भालुभुत्ते मपाइँमा १८ खण्ड बनाइएका रहेछन् ।

राजनीतिक उगालमा हरिराम बाजे अर्थात् आदत से मजबूर एक विवश हरामी पात्र लेखकसमक्ष दिनहुँजसो आफ्नो मूढाग्रही विचार पोख्न आइरहन्छ, जसलाई लेखकले मूल व्यङ्ग्यपात्र बनाएका छन् । भालुभुत्तेको मपाइँ पनि त्यसैको अघिल्लो संस्करण भन्दा पनि हुने लघु उपन्यास हो, जसको मूल पात्र गौथलीको बाउ हो । तर गौथलीको बा, जस्तो कि एक पाठक चूडामणि बाशिष्ठले लेखेका छन् पञ्चायतकाल, प्रजातन्त्रकाल, लोकतन्त्र-गणतन्त्रकाल सबै पचाइसकेको अवसरवादी, धूर्त, लवस्तरो फटाहा, कुरौटे, थेत्तरो, थाङ्ने पात्र हो भने राजनीतिक उगालको हरिराम बाजे कम्युनिष्टको सरकार आएपछि सो राजनीतिक पार्टीमा सक्रिय हुन आएको सुझ न बुझ हगनगौडी पूज भन्ने उखान चरितार्थ हुने एउटा अवसरवादी पात्र हो । हरिराम हरामी पात्र एक ठाउँ भन्छ- "सबभन्दा इम्पोर्टयान कुरा त हामेरका अदच्छे मउसूपबढ बन्दोवस्त मिलाउन सर्खार सक्रिएछ भन्ने कुरो भनिबक्सनु हुदैछन् अनि तपाइँचैं खडेन्त्रको जरोगुदी रियाल्टी नबुझी मजस्तो बिज्जी पोलिटिस्यानलाई बोरिङ्मा पार्छौं ? हिनैं म । अब याँबड थुरुक्क कैलुको हुटेलाँ जान्छु, एकदुई गेलास तान्छु अनि घराँ गर आरामले रिल्यास गर्छु" । यसरी अध्यक्ष मौसुफप्रति भक्तिभावपूर्वक लागेको हरिराम बाजे ०७८ असारमा अदालतले अध्यक्ष मौसुफलाई सत्ताबाट घोक्रेठ्याक लगाएर निकाल्ने बित्तिकै भन्नपुग्छ- "मेरा मुन-पेटाँ केप्पी ओलीले पर्दानमन्त्री गर्ने ढङ्ग पटक्कै नजान्या टपिकका, सयौं कुरा थे नि थिन त । ...तो सर्खारी एम्माले पाटी हिजोको डेट देखुन लुत्रुक्क ओलाइगो नि, तेस्को अदच्छे पर्दानमन्त्रीबड गेटआउट भइगए भनेसि अब उनलाई भुत्रो खान मउसुप भनिरनु त" । अर्थात् नकुल काजीले राजनीतिक उगालको यो गम्भीरतालाई हरिरामको चरित्रबाट छर्लङ्ग पारिदिएका छन् । पञ्चायतलाई राम्ररी बुझेका लेखकलाई पञ्च र हरिरामको चरित्र दुरुस्त उतार्न गाहारो भएनछ ।

यो औपन्यासिक व्यङ्ग्यमा देशको राजनीतिलाई मोफसलको तल्लो तहमा कस्ता कार्यकर्ताले कसरी कुन प्रकारको प्रभाव छोडिरहेका छन् भन्ने दर्शाइएको छ भने हास्यरसका लागि हाम्रो शिक्षित समुदायले प्रयोग गर्ने आधुनिक अङ्ग्रेजी भाषा मिसाइएको बोलीचालीको नक्कल गर्ने ठेट गाउँले पाखेहरुले सोझासाझा नेपालीसामु आफूलाई सभ्य देखाउन प्रयोग गर्ने गरेको खच्चड भाषालाई अघि सारिएको छ । मिस्कट भाषा व्यङ्ग्यका लागि प्रयोग गरिएको भए पनि बोलीचालीबाट हराउन लागिसकेका ठेट गाउँले झर्रा नेपाली भाषाका शब्द प्रयोगमा पनि लेखकले आफ्नो प्रतिभाको पूर्ण उपयोग गरेका छन् । लेखकले विवेचना साप्ताहिकमा 'परबाट आयो नरे थापा ऐसेलुको झाङमुनि चिसो पानी' भन्ने व्यङ्ग्यस्तम्भमा उहिले नै यस्तै भाषा प्रयोग गर्ने गरेको म सम्झन्छु ।

**यी उपन्यास राजनीतिक उगालभन्दा पनि बढी एमाले उगाल हुन् ।**




हास्यव्यङ्ग्य बाहिरबाट झट्ट हेर्दा मनोरञ्जक त हुन्छ, तर वास्तविकतामा यो पीडा पोख्ने हाँसोको स्थिति हो । राजनीतिक उगाल पनि त्यस्तै देशको पीडा पोख्न लेखिएको हाँसोका पात्र जम्मा गरेर लेखिएको औपन्यासिक व्यङ्ग्य हो । पीडा यस अर्थमा कि देशको दुईतिहाइ बहुमत ल्याएर जनताको सरकार गठन गरेको दाबी गर्ने एउटा बृहत बलिदानी राजनीतिक पार्टीको तल्लो तहमा कस्ता जोकर र चोट्टा नेताले समाज हाँकीरहेछन् भन्ने दुखद् अवस्था यसले दर्शाएको छ । यस्तै चोट्टाहरुले नै देश चलाउनु थियो भने किन रामनाथ र नेत्र घिमिरेहरुले जीवनको आहुति दिएर यो अहिलेको सत्तारुढ पार्टीको बीऊ राख्नुपरेको थियो र ? चोट्टाहरु त पञ्चायतमा नै छँदै थिए नि । विडम्बना त के भने हिजो पञ्चायती प्रणालीको पक्षमा रहेका नकुल काजीलाई आज यो सत्ताधारी क्रान्तिकारी पार्टीले जनतालाई ठगेर मूल्य-मान्यता त्यागेको देख्दा खुशी लाग्नु त कताहो कताभित्र मुटुमा पीडा गाँठो परेर आएकोछ । अनि हिजोका क्रान्तिकारीहरु पद, प्रतिष्ठा र पैसाको लागि चोट्टाका भरमा जनतालाई सुम्पेर अध्यक्ष माउसुप परदानमन्त्रीको वरिपरि घुमिरहेछन् । हरिराम बाजे, गौथलीका बाउ र प्रदीप ज्ञवाली सुवास नेम्बाङ्हरुमा अन्तर हुनुपर्छ भन्ने सन्देश यस २०७८ साउनमा निस्केको राजनीतिक उगालले दिएकोछ । यसैले यो राजनीतिक उगालभन्दा पनि बढी एमाले उगाल हो भन्न उपयुक्त हुन्छ ।

समय त परिवर्तनशील हुन्छ नै, मानिस पनि परिवर्तनशील भएर पञ्चबाट कम्युनिष्ट हुँदोरहेछ भने कम्युनिष्ट पनि भ्रष्ट, स्वार्थी, पतित र चोट्टा हुन पुग्दो रहेछ । नकुल काजी र उनको उपन्यास पढिरहँदा मेरा मनमा उब्जेका भावना हुन् यी । हुन त मानिस सधैं आदर्श खाएर आदर्शको खोल ओढेर मात्र बाँच्न सक्तैन, यथार्थ धरातलमा खुट्टा टेकेर नै जीवित रहन र प्रगति गर्न सकिन्छ । तर, यथार्थका नाममा पतनको मार्ग अवलम्बन गर्नु देश, समाज र स्वयम् सम्बन्धित व्यक्तिका लागि पनि घातक हुन्छ । लेखक काजीले प्रस्तुत पुस्तकबाट कम्युनिष्टका नाममा सिद्धान्तहीन, अवसरवादी चोट्टाहरुको विगविगी तल्लो तहमा जरागाड्न थालेकोले शिक्षित, समझदार र मार्गदर्शन गर्नसक्ने सिद्धान्त जानेका र तालिम प्राप्त कार्यकर्ताको खाँचो परेको अवस्थालाई एउटा प्रगतिवादी भनाउने लेखकलेभन्दा पनि मार्मिक ढङ्गले शिक्षा र सन्देश दिएको मैले ठानेको छु । समाजलाई अग्रगतिमा बढाउने हो र देश विकास गर्ने हो भने तल्लो तहमा रहेको दिग्दारलाग्दो अशिक्षा, चोट्टापन र अवसरवादलाई हटाउनुपर्छ भन्ने क्रान्तिकारी सन्देश ग्रहण गर्न नकुल काजीका नयाँ उपन्यासले सघाएका छन् । हामी माथि माथि हुने कालो सूर्यलाई पढेर शासन प्रणालीमा हुने उगालका कुरालाई मात्र साहित्य नठानौं बरु तल- तल समाजका नसा-नसामा भिजेका हरिराम र गौथलीका बाले समाजमा पार्ने प्रभावलाई पनि मनन गरौं ।

नकुल काजीका बारेमा हालै झापाका एक वरिष्ठ साहित्यकारले फेसबुकको स्टाटसमा टिप्पणी गर्दै लेख्नु भएको थियो- "झापामा सबैभन्दा धेरै किताब लेख्ने मापाका पत्रकार ।" नभन्दै उहाँले ठूला-साना गरी २३ भन्दाबढी किताव लेख्नु भएको छ । उहाँ रउसे, भावुक स्वभावको कतै एड्जष्ट हुन नसक्ने, तर अत्यन्त प्रतिभाशाली व्यक्ति हो । उहाँ मलाई माया गर्ने अग्रज पनि हो । अनि उहाँ विचारमा अस्थिर पनि लाग्छ मलाई । तर, तल्लो तहको समाजको उहाँलाई जति गहिरो ज्ञान छ त्यो कमै मानिसमा हुन्छ । अरु पनि यस्तै रसिला सामग्री हेर्न पाइयोस् शुभकामना । विचारका दृष्टिले गम्भीर यी कृति कलाका दृष्टिले भने लेखकका परम्परागत शैलीबाट मुक्त हुन नसक्दा केही दोहोरिइरहेका शब्दले झन्झटिला लाग्दछन् । शैलीमा छोटा वाक्य र भनाइमा नवीनता भए अझ राम्रो ।

*(समीक्षक अधिकारी राजधानीका अग्रज-क्रियाशील पत्रकार एवम् प्रसिद्ध **'अन्तर्राष्ट्रिय मञ्च'**-का सम्पादक हुन् ।)*

कथा

# तपाईले चैं किन नलेको पिर्के सलामी ?



भुवन तामाङ


सरकारी मोटर साइकलमा वडा कार्यालयतिर हुँइकिइरहेका वडाध्यक्षलाई ढाट तेर्स्याए जस्तो गरि च्याङ्बाले आफ्नो ढाइकिलोको हात तेर्स्याएर झ्याप्पै रोके । वडाध्यक्षले पनि ठाउँको ठाउँ मोटरसाइकलको ब्रेक लगाए र सोधे- हन हौ च्याङ्बादाई किन पो यसरी बाँस तेर्स्याउनु भो ? च्याङ्बाले भने- होइन वडाध्यक्षेज्यू तपँइले चैं किन नलेको हँ पिर्के सलामी ? वडाध्यक्ष अक्क न बक्क परे र दोमन हुँदै सोधे, च्याङ्बादाई वडाध्यक्षेले नि लिन मिल्छ र पिर्के सलामी ?

मृदुमुस्कान मुस्काउँदै च्याङ्बाले भने- आच्या क्यान नामिल्ने ? मिल्छा, यति माजाले मिल्छा कि, यो जात्तिको मिल्ने कुरो आर्को छाइना । शहरी विकासमन्त्री रामकुमारी झाँक्रीले केही दिनअघि पिर्के सलामी लेको फुटु फ्याँसबुकाँ भाइराल भाको बिर्सनु भो वडाध्यक्षेज्यू ? झाँक्रीले पिर्के सलामी के लेको थिइन् फ्याँसबुकेहरुले झाँक्रीलाई बाँसको चोकेमा उनेर माथी आकाशमा पुगाइदिए । यतिकैमा वडाध्यक्षले सोध- मैले पिर्के सलामी लिएँ भने मलाई चैं काँ पुगाउलान् ? च्याङ्बा दाइ । तपइँलाई चैं अझै उभैं पुगाउलान् स्वर्गलोकतिर । रिसाउँदै वडाध्यक्ष भन्छन्- धत् च्याङ्बादाई जे पायो त्यै नबोल्नुस् न । च्याङ्बा भन्छन् होइना, मोइले ठट्टा पो गारेको । अध्यक्षेज्यूलाई राम्रो मान सम्मान गार्छान् पो भानेको त । खुशी हुँदै वडाध्यक्ष भन्छन्- हुन्छ हुन्छ म पिर्के सलामी खाने चाँजो मिलाउँछु तर च्याङ्बादाई पिर्के सलामी लिनु साँच्चै ठीक होला र ? च्याङ्बा भन्छन्- राता राता किमती कालिनमा हिँडेर, सुनै सुनको मञ्चमा उभेर, राजा महाराजाले मात्तै सलामी लिए भानेर हामीले पनि पिर्के भए पनि सलामी खानु परो भानेर गन्तन्त्र लेराको होइना ? ए हो त भन्दै वडाध्यक्ष बाइक घुँइत्त पारेर बेपत्तिए ।

साँघु हाल्ने उपभोक्ता समितिका अध्यक्ष पैदलै लमक लमक गर्दै के आइपुगेका थिए च्याङ्बा दाइले उनलाई पनि हात तेर्स्याएर रोकी हाले । अध्यक्षले सोधे- हन च्याङ्बादाई कहिलेदेखि यो ढाट लाउने काम गर्न थाल्नु भो ? गाउँपालिकाले जागिर दियो क्या हो ? तर म त ट्याक्टर, टिपर त होइन । च्याङ्बा बोले, तपइँको लागि एउटा खुशीको कुरो छ क्या अध्यक्षेज्यू । मुखको एक कुनामा जिब्रोले खैनी ठेल्दै अध्यक्ष बोले- कस्तो खुशीको कुरा हो च्याङ्बा दाइ, मैले तपइँसँग मैच्याङ्को कुरा कहिले गरेँ र ? च्याङ्बा भन्छन्- तपइँ अध्यक्षेहरुको ध्यानै अर्कै छ, तर म ता तपइँहरुको मान सम्मानको कुरा गार्नु लागिरा छु । अध्यक्ष भन्छन्- लु भन्नु त हौ च्याङ्बादाई के चैं हो त त्यस्तो खुशीको कुरो ? च्याङ्बाले पनि फ्याट्टै भने- तपइँले चैं किन नलेको हँ पिर्के सलामी ? अध्यक्षलाई खैनी सर्कियो । हुरुक्क हुन्जेल खोके अनि भने- के नचाहिने कुरा गर्नु भा हो च्याङ्बा दाइ । च्याङ्बाले भने- च्याङ्बाले कहिले नाचाहिने कुरा गार्छा र ? अध्यक्षले सोधे- म जस्ताले सलामी लिन मिल्छ त ? च्याङ्बाले भने- माजाले मिल्छा । अध्यक्षले पुनः सोधे- पक्का मिल्छ त ? च्याङ्बाले भने- किन नामिल्नु । त्यसैले लिई हाल्नुस् न पिर्के सलामी, चडिहाल्नुस् त पिर्कामा लु, किनकि यही हो पिर्के सलामी लिने सुनौलो अउसर ।

त्यै बाटो भएर एक राजनीतिक पार्टीका स्थानीय कमिटीका सभापति आए । उनलाई पनि च्याङ्बाले रोकेर भने- ए साउपोतीज्यू तपइँले चैं किन नलेको पिर्के सलामी ? सभापतिको दिमागमाथि मन्त्री झाँक्री र मुख्य मन्त्रीहरुले पिर्के सलामी लिएको चित्र घुम्यो । यतिकैमा च्याङ्बा बोले- हन साउपोतीज्यू ट्वाँ पो पार्नु भो ता ? सभापति बोले, होइन हामी गाउँपालिका स्तरका राजनीतिक कार्यकर्ताले नि सलामी लिन मिल्छ र ? च्याङ्बाले भने- मिल्छा माज्जाले मिल्छा, गामकुमिटी साउपोतीले नि मिल्छा पिर्के सलामी लिन । सभापति त बेतोडले दौडे ।

खित्रिङमित्रिङ सामान किन्न च्याङ्बा चोकमा पुगे । त्यहाँ त वडा, उपभोक्ता समिति, स्थानीय राजनीतिक पार्टी कमिटी, खानेपानी, कुलो, वन, सहकारी, मन्दिर, स्कूल, संघ-संस्था इत्यादिका अध्यक्षदेखि सदस्यसम्मका पदाधिकारी भेला भएर पिर्के सलामीबारे चर्चा गर्दै रहेछन् । उनीहरुले च्याङ्बालाई देख्नासाथै के-के सोधेर तिरिखिरि पारिहाले । यतिकैमा कतैबाट गाउँपालिका अध्यक्ष पनि आइपुगे । सबैले उनलाई घेर्दै पिर्के सलामीको प्रसंग निकाले । गाउँपालिका अध्यक्षले उल्टै



सोधे- ल ठीकै छ, म पिर्के सलामी लिउँला अरे, तर कसले दिन्छन् त मलाई सलामी ? यतिकैमा च्याङ्बा अगाडि सर्दै भनिहाले, वडाका अध्यक्षेदेखि सदस्यहरुले । च्याङ्बाको कुरा सुनेर सबै गलल हाँसे ।

गाउँपालिका अध्यक्षले सोधे- अनि हामीले पनि पिर्के सलामी लिन मिल्छ र साँच्चै ? एकले भने- यो कुरा यिनै च्याङबाले भन्छन् । यिनी धेरैतिर कुदिरहन्छन् । यिनलाई धेरै कुरा थाहा छ । यिनले नै सबैलाई पिर्के सलामी किन नलेको ? भनेर सम्झाएका सम्झाएकै छन् । च्याङ्बा पुनः अघि सर्दै भन्छन्- हओ गामपालिका अध्यक्षेज्यू किन पो अबेर गरिरनु भा पिर्के सलामी लिनलाई ? सप्पैले मन्त्री या मुख्येमन्त्री भइरहन पर्दैन क्या । यो ठामको मन्त्री, मुख्ये मन्त्री तपँइ नै हो । च्याङको कुरा सुनेर फेरि सबै हाँसे ।

च्याङ्बा अझ हौसिँदै भन्छन्- पिर्के सलामी लिन किन असमन्जसमा परेका हाजुरहारु ? तपइँहारुलाई थाहै छ, राजनीतिक महाधिवेशनहारुमा गोरु ब्याका ब्यै छान् एक ठाउँमा त बाछो ब्याएछ । त्यो बाछो त बहर हुन नपाउँदै साँढे जस्तै डुक्रिँदै छ । सबैलाई हानेर राज संस्था लेराउन बेर छाइना फिरि । अनि हेरेको हेरेइ पर्नुहोला है तपइँहारु । त्यसैले लिई हाल्नुस् त पिर्के सलामी अहिल्यै नै भर्खरै ।

कसैले सोधे- साना-साना पदकाले नि लिन हुन्छ सलामी ? जवाफमा च्याङ्बा भन्छन्- ए हुन्छ हुन्छ, हुन्छ, उपभोउता सामितिको अध्यक्षेले नि लिए हुन्छ पिर्के सलामी । सहकारीका, वडाका, मन्दिरका, स्कूलका, पानी, कुलो, वन, बाटो, कुनै पनि समूह र संघ-संस्थाका अध्यक्षे, राजनीतिक पार्टीका कुनै पनि तह र तप्काका समिति, कमिटीका साउपोतिहारुले पनि लिए हुन्छ पिर्के सलामी ।

धत्तेरी, ए हन हौ रोक्छ चैं कस्ले ? उपाध्यक्षे, उपसाउपोति, कोषाध्यक्षे, सचिव, सदस्यहारु साप्पैले नि लिँदा हुन्छ क्या पिर्के सलामी । अनि सलामी लिन बिर्सेका पूर्व र निवर्तमानहरुले नि लिए हुन्छा पिर्के सलामी, त्यो पनि ब्याजसहित, किनकि यसको कुनै अप्ठेरो कार्यविधि बानेको छाइन । त्यसैले लु लिइ हाल्नुस त लिन पिर्के सलामी ।

कोही पदाधिकारीले सोधे- अनि खोइ त पिर्का ? खोइ त रातो कालीन ? च्याङबा सुझाउँछन्, होइना हौ घारमा छोइना काठका पिरा ? त्यै ल्याउनुस् न ? नाभए दुईटा इँटा र एउटा बाकल ल्याउनु । इँटामाथि बाकल राखेसी गजबको पिर्का भैहाल्छ त्यसमा बुढीको रातो मुजेत्रो ओढाउनु अनि त एक नम्बर कालीन भैहाल्छ ।

अर्कोले सोधे- अनि खोइ त बिगुल ? च्याङ्बा खुइय काड्दै बोले, ए बाबा हो, सलामी लिने बखत बजाउनलाई बिगुलै किना चाहियो हाजुर । सनाही भए नि हुन्छ, मुरली भए नि हुन्छ, त्यो पनि नभए नजिकमा जोगीको घर छ भने जोगीलाई बोलाउनु । फेरि लाए जस्तो तु धुँइ तु धुँइ धुँइ पारे पनि हुन्छ । त्यति पनि नभए शंख बजाउँदा हुन्छ । राम्ररी शंख बजाउन नजाने एकोहोरो त बजाउला नि कसैले ।

ए नेताज्यू ए पदाधिकारीज्यू तपइँहारुको कान यता फर्काउनु त म खुसुक्क भन्छु- नेपालमा व्यवस्था परिवर्तन भै रहन्छ गोजा पैसोले भरेसी कसैको केही भर छैन । त्यसैले पिर्के सलामी भए नि लिइ हाल्नु है, अनि के रे मुबिल फुनमा आउने फ्याँसबुकको भित्ताँ नाग पञ्चममीमा नाग टाँसे जस्तो गोबर दलेर पिर्के सलामी लेको फुटु टाँसिहाल्नुस् र भाइरल भइ हाल्नुस् ।

पाछि थुइक्क, पिर्के सलामी भए नि सलामी खान पाइन भनेर पछुताउनु पर्ला नि । भए दौरा शुरुवाल, कोट, ढाका टोपी, कालो जुत्ता लगाउनु तर रक्सी चैं नधोकी पिर्कामा चढ्नु । फेरि पिर्कामा राम्ररी खुट्टा नटेकाउनु होला र पिर्के सलामी खुस्केला ।

## लेखक घिमिरेको विविध ज्ञान वाटिका काव्य संग्रहको विमोचन




**अर्जुनधारा, पुस ३०।** लेखक मोहनप्रसाद घिमिरेको 'विविध ज्ञान वाटिका' काव्य संग्रह बिहीबार एक कार्यक्रमकोबीच विमोचन गरिएको छ ।

अर्जुनधारा नगर भाषा, कला, साहित्य तथा संस्कृति प्रबर्द्धन समितिकी संयोजक सुशिला सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि साहित्यकार गणेशप्रसाद निरौला र नगर प्रमुख हरिकुमार रानाले उक्त संग्रहको संयुक्तरुपमा विमोचन गरेका थिए ।

समितिकी संयोजक सुवेदी प्रकाशक रहेको उक्त संग्रहमा कविता, एकश्लोकी ज्ञान, सुक्तिपरक सन्देश, अनमोल वचन, नैतिक शिक्षा आदि समावेश गरिएको छ ।

गोपाल संग्रौलाले प्रकाशित कृतिको समिक्षा गरेको कार्यक्रममा नगर प्रमुख राना, उपप्रमुख कमला खतिवडा आचार्य, ज्येष्ठ नागरिक समाजका अध्यक्ष रामप्रसाद भट्टराई, नवीन कोइराला लगायतले साहित्य क्षेत्रमा घिमिरेको संग्रहले महत्वपूर्ण टेवा पुऱ्याएको भन्दै साहित्य क्षेत्रमा यसले नयाँ आयाम थप्ने भन्दै शुभकामना दिएका थिए ।

नगर पूर्वाधार समितिका संयोजक रमेश त्रिखत्रीले स्वागत गरेको कार्यक्रमको सञ्चालन समितिका सदस्य चतुर्भूज काफ्लेले गरेका थिए ।

# गाउँसभाको अवसरमा कर्मचारी पुरस्कृत



□ उमानाथ भण्डारी

**कमल, पुस ३०।** कमल गाउँपालिकाको दशौं गाउँसभा तथा अधिवेशन बैठक सम्पन्न भएको छ ।

गाउँपालिकाले दशौं गाउँसभाको अवसरमा उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत समेत गरको छ । यसरी पुरस्कृत हुने कर्मचारीमा उत्कृष्ट कर्मचारीतर्फ कृषि विकास शाखाका प्रमुख महेन्द्र बोहोरालाई नगद २० हजार रुपैयाँका साथै सम्मानपत्रद्वारा पुरस्कृत गरिएको छ ।

त्यसैगरी कर्मचारी पुरस्कारतर्फ प्रशासन शाखाका तुलसी ओझा, वडा नम्वर ४ का वडा सचिव पर्शुराम तिम्सिना, तोपगाछी स्वस्थ्य चौकीकी कमला पौडेल, वडा नम्वर १ का प्रविधिक शुष्मा बस्नेत र वडा नं. ७ का प्राविधिक गणेशकुमार महतालाई जनही नगद १० हजार रुपैयाँसहित सम्मानपत्रद्वारा पुरस्कृत गरिएको गाउँपालिकाले जनाएको छ ।

# त्रिनेत्र बहुउद्देश्यीयको १९औं सभा



**अर्जुनधारा, पुस ३०।** बिर्तामोड-४ स्थित त्रिनेत्र बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको १९औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

संस्था सञ्चालक समितिका अध्यक्ष केशवकुमार खड्काको अध्यक्षतामा आयोजित उक्त सभाको प्रमुख अतिथि झापा जिल्ला सहकारी संघका उपसचिव कृष्णप्रसाद मिश्रले उद्घाटन गरेका थिए । कार्यक्रममा अध्यक्ष खड्काले संस्थाको गत आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन र लेखा समितिका संयोजक गणेशबहादुर रायले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदनमा संस्थाको जम्मा शेयर पुँजी ५४ लाख ६४ हजार तीन सय रुपैयाँ, कोषमा २३ लाख १६ हजार २७ रुपैयाँ २४ पैसा, निक्षेप एक करोड ५४ लाख ३३ हजार छ सय ३९ रुपैयाँ, कर्जा लगानी तीन करोड ३२ लाख २० हजार चार सय नौ रुपैयाँ, जम्मा आम्दानी ५९ लाख २७ हजार नौ सय ७२ रुपैयाँ १८ पैसा र जम्मा खर्च ५८ लाख चार हजार दुई सय ८४ रुपैयाँ ५५ पैसा उल्लेख गरिएको छ ।

लेखा समितिका संयोजक रायले स्वागत मन्तव्य व्यक्त गरेको सभामा बिर्ता धनलक्ष्मी साकोसका अध्यक्ष चन्द्र काफ्ले, जलेश्वर बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष गोविन्दप्रसाद खतिवडा, जनमैत्री साकोसका व्यवस्थापक ठाकुर पोखरेल लगायतको आतिथ्यता रहेको थियो । सभाको सञ्चालन व्यवस्थापक चन्द्रदास खरेलले गरेका थिए ।


## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



सम्पर्क: ०२३–५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## होटल बिक्रीमा

बिर्तामोड शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि अति चालू अवस्थामा रहेको थ्री ब्रोदर्स रेष्टुरेन्ट एण्ड सेकुवा कर्नर बिक्रीमा छ ।
सम्पर्क : ९८०८३२७४५०

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२,
९८२४९८११७४,
९८४२६७७८५५,
९८६२६४८२८२

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## बिना अन्तरवार्ता कुवेत पुग्ने सुवर्ण अवसर

**कुबेतमा रोजगार** AL -JAZIRA INTERNATIONAL GENERAL TRADING AND CONTRACTING CO.
पुर्व स्विकृति मिति: २०७८।९।१८ चलानी नं. ६०१७१७९० LT No. 255413

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सुबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 300 | काममा दक्ष | 85 | 33434 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | १०,००० |

नोट : जान इच्छुक उम्मेदवारले सक्कल राहदानी, QR कोड र पासपोर्ट साइजको फोटोसहित तु-सम्पर्क गर्नुहोला । उमेरको हकमा २२ वर्षदेखि ४५ वर्षसम्मको हुनुपर्नेछ । डकुमेन्ट फरवाड धमाधम भइरहेको छ । १० दिनमा भिषा ग्यारेन्टी दिइनेछ । यसको अन्तरवार्ता दिनु नपर्ने ।

**मनकामना फरेन इम्प्लोइमेन्ट कं. प्रा. लि.**
सीतापाइला, काठमाडौं, श्रम इजाजत नं.: ७५३/०६४/६५
फोन नं.: ०१-४०३४६७७, ९८२४९२५५६२, ९८०२०७४३०६, ९८०८७४६५५, ९८०१४०२९७८

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

पर्फेक्ट ट्रेनिङ्ग सेन्टरद्वारा

दक्ष प्रशिक्षकबाट सेक्युरिटी ट्रेनिङ्ग तथा ड्राइभिङ्ग ट्रेनिङ्ग तालिम पश्चात रोजगारीको व्यवस्था साथै विभिन्न ठाउँको लागि २० पुरुष र २० महिला सेक्युरिटी गार्ड आवश्यक भएकाले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।



फोन : ९८०४९०५३१३, ९८२५९३४०१७, ९८०४७७१५६८, ९८५२६९००८७
स्थान : सुगम पम्प दक्षिण, देवी कलेज जाने बाटो स्यालडाँगी

## डाक्टर आउने बारेको सूचना

**डा. दिपायन पाण्डे**
MBBS, M.D.
वरिष्ठ छाला तथा सौन्दर्य रोग विशेषज्ञ
प्रत्येक विहीवार
११ बजेदेखि
डल्फिन स्कीन हस्पिटलबाट

**डा. मुक्ति आचार्य**
MBBS, M.D. (KU)
वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो
र तेस्रो शनिवार
नोबेल मेडिकल कलेजबाट

## मेडिसिटी फार्मेसी

भद्रपुर रोड, बैंक अफ काठमाडौं छेऊ बिर्तामोड
फोन : ०२३–५४१३५९, ९८५२६८२८४५

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

## ठाकुर पोलिक्लिनिकमा

विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११–२ बजेसम्म, दिउँसो ४ बजेपछि

हाम्रा थप सेवाहरु :

डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड–१, झापा, फोन :०२३–५९०००८, ९८१७९६४७७१

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहि[redacted]
सम्पर्क : [redacted] (नेपाल)

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : **कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर**
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३–५३२८४५
नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| पूर्णवती गणेश | पाठमारी-६ | ४१८ | ४७९०.०० | मेहमान सिंह गणेश |
| | | ४२३ | ९५५.०० | मेहमान सिंह गणेश |
| | | ४२२ | ४५५.०० | मेहमान सिंह गणेश |
| पूर्णवती गणेश | पाठामारी-६ | ४२० | ८१३०.०० | वेभुलाल गणेश/भेमुलाल गणेश |
| पूर्णवती गणेश | पाठामारी-६ | ४१९ | ५०१०.०० | छोटा वछीलाल/छोटो दधिलाल |
| | | ४२१ | २८५.०० | छोटा वछीलाल/छोटो दधिलाल |
| पूर्णवती गणेश | पाठामारी-६ | ४२४ | २२५०.०० | मेभुलाल |
| पूर्णवती गणेश | पाठामारी-७ | १४२ | ४४६०.०० | तुला गणेश/तुला गनेश |
| मनमाया तामाङ | राजगढ-३ | २७५१ | ९१३५.०० | फुलवर राजवंशी |
| मनमाया तामाङ | राजगढ-३ | ८९४ | ३६४.०० | भेटलु राजवंशी |
| वृकलाल राजवंशी | जुरानोपानी-३ | १४१८ | १२५८.२६ | रामलाल राजवंशी |
| इन्द्रबहादुर कार्की | पाराखोपी-५ | १८११ | ०-१५-१४ | रेशमलाल थारु |
| दिपककुमार खतिवडा | दुवागढी-५ | १३१७ | ०-१६-० | चेली धिमाल/टुपी धिमाल/टोपी धिमाल |
| राजकुमार कार्की समेत | पाराखोपी-९ | ३८० | ०-४-० | सुखीलाल चौधरी |
| जमुना राजवंशी | राजगढ-१ | ६४९ | ०९७५.०० | रगटा सतार/रगठा सतार/रगदा सतार |
| | | ६५० | २३६५.०० | रगटा सतार/रंगटा सतार/रगदा सतार |
| | | ५८८ | ५३००.०० | रगटा सतार/रंगठा सतार/रगदा सतार |
| शिवनारायण चौधरी | चकचक-९ | ३८५ | ०-२-० | सुटकु ताजपुरिया |
| मणि पोखरेल | डाँगीबारी-१ | ३८९ | ०-४-० | गोसाई सारेन सतार/गोराई सोरेन सतार |


आदरणीय सदस्यज्यूहरु,
Software Migration का कारण
**२०७८ माघ २ गते आइतबार**
संस्थाको वित्तीय सेवाकेन्द्र अन्तर्गतका सम्पूर्ण कारोबार बन्द रहने जानकारी गराइन्छ ।
सदस्यहरुमाझ यसबाट पर्न जाने समस्याप्रति क्षमाप्राथी छौं ।
nmc for good culture & prosperity NMC coop 1994
नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
कर्पोरेट कार्यालय : मेचीनगर–६, काँकरभिट्टा, झापा
सम्पर्क : ०२३–५६२८४७/५६३१८८

## उपकार ब्राण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधैं उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन विमुख हुने छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलीको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिने छन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, [redacted]) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, [redacted] हुने काम प्रारम्भ गर्ने समय रहेको, आफ्नो [redacted] रूले दाबी गर्न सक्छन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, [redacted]) -**
समय बलवान रहेको छ, यो अवधिमा [redacted] थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक [redacted] न्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो[redacted]) -**
व्यापार-व्यवसायमा लाभ प्राप्त होला, [redacted] ले पनि ठूलो खुशी प्राप्त हुनेछ, रच[redacted]

कलाका[redacted] र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
सन्तान [redacted] निने छ, नचिताएको ठाउँमा यात्रा ह[redacted] कसिलो बनेर जानेछ, ।

[redacted] (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
धार्मिक [redacted] साथीभाइको पूर्ण सहयोग पाइनेछ [redacted] शत्रुमाथि विजय प्राप्तिको योग छ[redacted]

**धनु ([redacted] ढ, भे) -**
तपाईंक[redacted] श्रित फलदायी रहेको छ, परिवार[redacted] रहला, धैर्य रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि[redacted]**
समय शुभ फलदायी रहेको छ, मानप्रतिष्ठा ब[redacted] जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गति[redacted] बढ्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ता[redacted] आउने छ, बोलीको भरमा अधुरो कामहरू फत्त भएर ज[redacted] नेछ, मन प्रसन्न रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको सा[redacted] सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ । शुभ ख[redacted] सुन्न पाइनेछ ।